श्री

# राजस्व न्यायाधिकरण काठमाडौ

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

२०७५/०७६ सालको निर्णय नं. १८८

पुनरावेदन नं.-०७४-RB-०१२९

**मुद्दाः-आयकर(२०६९/०७०)।**

| | |
|---|---|
| काठमाडौं जिल्ला का.म.न.पा.वडा नं.११ बबरमहलस्थित प्रभु बैक लिमिटेड (साविक स्थायी लेखा नं.३०२१६५३४२ का प्रभु बिकास बैक लिमिटेड) का तर्फबाट अख्तियार प्राप्त ऐ का प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन.....१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर................................ १<br>आन्तरिक राजस्व विभाग लाजिम्पाट काठमाडौ ................................१ | प्रत्यर्थी |

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री थमनबहादुर भण्डारी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

**शुरु निर्णय गर्ने कार्यालयः श्री ठूला करदाता कार्यालय, ललितपुर ।**

शुरु निर्णय गर्ने पदाधिकारीः – प्रमुख कर प्रशासक श्री बलराम रिज्याल ।

शुरु निर्णय मितिः २०७३/१२/०७

यसमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदनपत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**तथ्य खण्ड**

१. करदाता प्रभु बैक (साविक प्रभु विकास बैक) लिमिटेडले आ.व. २०६९/०७० को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा

९६ अनुसार करयोग्य आय रु.११,५२,५९,८९९/४८ देखाई मिति २०७०/०९/३० मा विवरण पेश गरेका रहेछन ।

२. प्रस्तुत करदाताको आ.व. २०६९/०७० को आय विवरणको कर परीक्षणको सिलसिलामा करदाताबाट आय विवरण साथ प्राप्त अन्य कागजातको अध्ययन, छानविन तथा हिसाव कितावको परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभ तर्फ गणना हुनु पर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रिम कर कट्टी गर्नु पर्नेमा गरेको नपाइएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट करदाताको नाममा मिति २०७३/११/२३ मा सूचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/११/२३ मा जारी भएको सूचना करदाताले मिति २०७३/११/२४ मा बुझी लिइ सूचनाको जवाफ मिति २०७३/१२/०६ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको आ.व. २०६९/०७० का लागि रु.११,६७,७२,६४९/०५(एघार करोड सतसठ्ठी लाख बहत्तर हजार छ सय उनान्पचास रुपैया पाँच पैसा) करयोग्य आय कायम गरी आयकर ऐन २०५८ बमोजिम शंसोधित कर निर्धारण गरी सोही ऐनको दफा ११७,११८, ११९ र दफा १२०(क) बमोजिम व्याज तथा शुल्क समेत गणना गरी कर दाखिला गर्न सुचना जारी गर्ने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/१२/०७ मा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/१२/०७ मा जारी गरेको आ.व. २०६९/०७० को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी प्रभु बैक लि.(साविक प्रभु विकास बैक लि.)ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०२/२६ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा ६० दिन भित्र कुनै निर्णय नगरेकोले प्रशासकीय पुनरावलोकनको निवेदन अस्विकृत भएको मानी कारबाही अगाडि बढाउने भन्ने करदाता प्रभु बैक लिमिटेडको मिति २०७४/११/२५ मा आन्तरिक राजस्व विभागलाई लेखेको पत्र ।

६. यसमा शुरु कार्यालयले मिति २०७३/१२/०७ मा गरेको संशोधित कर निर्धारण सम्बन्धी आदेशमा समूह “ख” मा पर्ने **ATM machine, Locker** र **Generator** जस्ता ह्रास योग्य कार्यालयको उपकरणलाई समुह “घ” अन्तर्गत पर्ने भनी ह्रास खर्च अमान्य गरेको,आयकर ऐन, आ.ब.०६८/०६९ को स्थायी सम्पत्ति वर्ग ख र वर्ग ग को ह्रास आधार खर्चमा यस बर्ष थप भएको ह्रास योग्य सम्पत्ति समेत जम्मा भएको ह्रास योग्य सम्पत्तिको आयकर ऐन, २०५८ को दफा १९(१) बमोजिम कट्टी पाउने ह्रास खर्च कट्टी दावी गरेकोमा अमान्य

गरि, त्यस्तै सोही ऐनको दफा १६(१) बमोजिम मर्मत तथा सुधार खर्च वापत कट्टी पाउने खर्च मध्ये वास्तविक मर्मत तथा सुधार खर्च मात्र दावी गरेकोमा बढी खर्च कट्टी दावी गरेको भनी अमान्य गरी भएको संशोधित कर निर्धारण आदेश बदर गरी पाउँ भन्ने यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

७. यसमा मुलुकी ऐन, अ.बं.२०२ नं.बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०३/२९ मा भएको आदेश ।

## ठहर खण्ड

८. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रभु बैक लि. को तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री थमन बहादुर भण्डारीले आ.ब.०६८/०६९ को ह्रास योग्य सम्पत्तिमा यस बर्ष थप भएको ह्रास योग्य सम्पत्ति समेतको जम्मा खर्चमा आयकर ऐन बमोजिम खर्च कट्टी हुनु पर्ने र मर्मत सुधार खर्चको वास्तविक खर्च कट्टी दावी गरेकोमा सो लाई अमान्य गरी कर गणना गर्ने गरी प्रत्यर्थी कार्यालयबाट भएको कर निर्धारण आदेश बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो ।

९. त्यसैगरी प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर समेतका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय काठमाडौंका उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले **ATM machine, Locker** र **Generator** जस्ता उपकरणहरुलाई बैंकिग ब्यबसायको Core Function गर्ने मेशनरीका रुपमा हेरी समूह घ मा कायम गरी ह्रास आधार निर्धारण गरेको, तथा स्थायी सम्पत्ति समूह ख, ग र घ मा बढी ह्रास खर्च दावी गरेको हुँदा सोलाई अमान्य गरेको प्रत्यर्थी कार्यालयको निर्णय कानूनसम्मत नै हुँदा सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१०. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

११. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदन जिकिरका विषयमा निम्नबमोजिम हुने देखिन आयो ।

<u>(क)</u> <u>**ATM machine, Locker** र **Generator** जस्ता कार्यालय उपकरणको ह्रास खर्च सम्बन्धमा:-</u>
ठुला करदाता कार्यालयले कार्यालय उपकरणका रुपमा रहेका **ATM machine, Generator, Locker** जस्ता सामानहरुलाई समूह “घ” मा पर्ने भनी आयकर ऐन, २०५८ को दफा १९(१) संग सम्बन्धित अनुसूची-२ को १(घ) बमोजिमको ह्रास दर कायम गरी पुनरावेदकको ह्रास गणनालाई अमान्य गरेकोमा पुनरावेदकले उल्लेखित सम्पत्तिहरु बैंकको प्रयोजनको लागि कार्यालय उपकरण रहेको हुँदा आयकर ऐन, २०५८ को अनुसूचि-२ को दफा १ को सम्पत्ति

समूह “ख” अन्तर्गत कै कायम भई ह्रास गणना पाउनु पर्ने जिकिर लिएको सम्बन्धमा विचार गर्दा साविकमा राजस्व न्यायाधिकरण काठमाडौंबाट सोही मुतावित समूह 'घ' नै कायम गरी फैसला हुँदै आएकोमा सम्मानित सर्वोच्च अदालतबाट मुद्दा नं.०७३-RB-०१४६ मा समेत मिति २०७४।७।१४ मा फैसला हुँदा ती मेशिनरी औजारहरु समूह “ख” मा नै समूहिकृत हुनुपर्ने भनी फैसला भएकाले र आयकर ऐन, २०५८ को अनुसुची -२ को दफा १(१)(ख) मा कम्प्युटर, तथ्याङ्क केलाउने उपकरण जस्ता सम्पत्तिहरु समूहिकृत हुने व्यवस्था अनुरुप पुनरावेदकले पनी सोही किसिमका सम्पत्तिलाई समूह “ख” मा राखेकोले सो का आधारमा **ATM machine, Generator** जस्ता कार्यालय उपकरणको सम्पत्ति समूहिकरण सम्बन्धमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको निर्णय र सोलाई समर्थन गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय सो हदसम्म मिलेको देखिएन ।

**(ख) समूह ग को ह्रास खर्च सम्बन्धमाः**- पुनरावेदकबाट समूह “ख” का बारेमा जिकीर लिएकोमा प्रत्यर्थीबाट समूह ग मा बढी ह्रास खर्च दावी गरेको भनी खर्च रकम रु.५५,४२६।३२ आयकर ऐन,२०५८ को दफा १९(१) बमोजिमको खर्च मान्न सकिने आधार नभएकाले सोही ऐनको दफा २१(१) (च) अनुसार खर्च कट्टी नहुने भनिएको तर समूह “ग” का के कुन वस्तु हुन् र तिनको अघिल्लो आ.ब. मा कायम ह्रास आधार के कति हो भन्ने विवरण नै नखुलाई आधार प्रमाण बेगर बढी ह्रास खर्च दावी मात्र भनी गरेको कर निर्धारण आदेश मनासिव भन्न सक्ने देखिएन ।

**(ग) समूह घ को मर्मत सम्भार खर्च सम्बन्धमाः** - पुनरावेदकले सम्मानित सर्वोच्च अदालत र यसै न्यायधिकरण समेत बाट ATM,Locker, Generator जस्ता उपकरणहरु समूह “ख” मा पर्ने भनी विभिन्न मितिमा फैसला भैसकेको कारणबाट समूह “घ” मा समावेश गरी प्रत्यर्थीले कायम गरेको ह्रास आधार फरक परेको जिकीर लिएकोमा प्रत्यर्थीबाट आ.व. २०६८।०६९ मा कायम ह्रास आधार (प्रत्यर्थीकै संशोधित कर निर्धारण आदेशानुसार) बमोजिम आयकर ऐन,२०५८ को दफा १६ अनुसारको मर्मत सम्भार खर्च गणना गरी बढी खर्च दावी गरेको भनी खर्च रकम रु.११३८१।१९ दफा २१(३) बमोजिम अमान्य गरेको हदसम्मको निर्णय कानून सम्मत भन्न मिल्ने देखिएन ।

१२. अतः माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक करदाता प्रभु बैक (साविक स्थायी लेखा नं.३०२१६५३४२ भएका प्रभु विकास बैक) लि.को आ.ब. ०६९/०७० को आयकर निर्धारणका सम्बन्धमा शुरु कार्यालयको मिति २०७३/१२/०७ को निर्णयमा Note counting Machine जस्ता सम्पत्तिलाई समूह “घ” मा पर्ने भनी गरेको निर्णय र सम्पत्ति समुह “ग” को ह्रास खर्च अमान्य गरेको निर्णय मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । अरुमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन । तपसिल बमोजिम गर्नु ।

तपसील

माथि ठहर खण्डमा पुनरावेदक करदाताको आ.व. २०६९/०७० को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालयको निर्णयमा आयकर तर्फ Note counting Machine जस्ता सम्पत्तिलाई समूह 'ख' मा राख्नु पर्नेमा समूह 'घ' मा राखी ह्रास खर्च कायम गरी गरेको निर्णय र सम्पत्ति समुह ग को  ह्रास खर्च एवं सम्पत्ति समुह घ को मर्मत सुधार खर्च कट्टी अमान्य गरेको निर्णय नमिली उल्टी हुने उल्टी हुने ठहरेकोले सो विषयमा करदाताले राखेको रकम कानूनको म्यादभित्र नियमानुसार फिर्ता दिनु वा अर्को आर्थिक वर्षको कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयलाई लेखी पठाइदिनू...............................................................१

विशेष सरकारी वकीलको कार्यालय, काठमाण्डौलाई फैसलाको जनाउ दिनू..........२

सरोकारवाला पक्ष नक्कल माग गर्न आए नियमानुसार नक्कल दिनू........................३

फैसलाको विद्युतीय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गर्नु र शुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू.................. ४

डम्बरबहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नेः-
विश्वराज कुइकेल (शाखा अधिकृत)

इतिसम्बत २०७६ साल असार ८ गतेरोज १ शुभम.........................................